# कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्ला
# शिक्षाध्यक्षको कार्यालय
# स्कुल अफ पब्लिक हेल्थ

जुम्ला, नेपाल

(प्रकाशित मिति २०७५/०८/०२ गते आईतबार)

स्नातक तहको जनस्वास्थ्य (Bachelor of Public Health) बिषयमा अध्ययनका लागि
आवेदन, परिक्षा केन्द्र तथा परिक्षा मिति संसोधन गरिएको सम्बन्धि

## सूचना

कर्णाली स्वास्थ्य बिज्ञान प्रतिष्ठान नेपालको अन्तरिम संबिधान २०६३ को धारा ६३ बमोजिम छुट्टै ऐनद्वारा बि.स. २०६८ मा स्थापित स्वायत्त विश्वविद्यालय स्तरको प्राज्ञिक संस्था हो । यस प्रतिस्ठानको जनस्वास्थ्य महाविद्यालय (School of Public Health) अन्तर्गत स्नातक तहको जनस्वास्थ्य (Bachelor of Public Health) तहमा शैक्षिक सत्र २०७५/०७६ का लागि प्रतिस्पर्धात्मक प्रवेश परिक्षाको माध्यमबाट बिद्यार्थी छनौट गर्नुपर्ने भएकाले तपशिल बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट आवेदन आह्वान गरिएको छ ।

**१. आवस्यक न्यूनतम योग्यता:** स्वास्थ्य बिज्ञानको कुनै पनि बिधाको प्रबिणता प्रमाण-पत्र तहमा कम्तिमा ५०% अंक प्राप्त गरेको हुनुपर्ने छ ।

वा

बिज्ञान बिधाको प्राणी शास्त्र (Biology) बिषयमाको प्रबिणता प्रमाण-पत्र तहमा कम्तिमा ५०% (GPA grade 2.5) अंक प्राप्त गरेको हुनुपर्ने छ ।

**२. स्वास्थ्य व्यवसायिक परिषदममा दर्ता :** स्वास्थ्य बिज्ञान बिषयको हकमा सम्बन्धित स्वास्थ्य ब्यबसायिक परिषदममा दर्ता भएको हुनुपर्ने छ ।

**३. आरक्षित कोटा :** आरक्षित कोटामा सामेल हुनका लागि कर्णाली स्वस्थ्य बिज्ञान प्रतष्ठानको ऐनमा तोकिएका जिल्लाहरु (जुम्ला, हुम्ला, मुगु, डोल्पा, कालिकोट, अछाम, जाजरकोट बजाङ र बाजुरा ) का उम्मेदबारहरुले मात्र पाउने छन् ।

**४. आवेदन फाराम प्राप्ति :** आबेदन फाराम प्राप्त गर्न कर्णाली स्वास्थ्य बिज्ञान प्रतिष्ठान, जुम्लाको नाममा रहेको कृषि बिकास बैंकको खाता नं. ०७२१३००६२७९७१०१४ मा **आवेदन फाराम** वापत रु. १,०००/(अक्षरुपी एक हजार मात्र) र परिक्षा दस्तुर वापत रु. १,०००/(अक्षरुपी एक हजार मात्र) अलग-अलग जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्ने छ । उक्त रकम कृषि बिकास बैकको कुनै पनि शाखाका जम्मा गर्न सकिने छ ।

**५. आवेदन फाराम पाईने स्थान :** आवेदन फाराम (क) प्रतिष्ठानको केन्द्रिय कार्यालय, जुम्ला, (ख) प्रतिष्ठानको सम्पर्क कार्यालय, महालक्ष्मिस्थान, ललितपुर (ग) मध्यपश्चिम क्षेत्रिय अस्पताल, विरेन्द्रनगर, सुखेत ।

**६. आवेदन फाराम प्राप्त गर्न र बुझाउन सकिन मिति तथा समय :** आवेदन फाराम मिति २०७५ साल मंशिर १२ गते बुधबार दिउसो ३:०० बजे सम्म खरिद गर्न तथा बुझाउन सकिने छ ।

**७. परीक्षा केन्द्र, मिति र समय:** परीक्षा केन्द्र आफ्नो आवेदन फाराममा उल्लेख गरे अनुरुप नै हुनेछ र आवेदन फाराममा उल्लेख गरे पश्चात परिवर्तन गर्न पाइने छैन ।

**८. परिक्षा केन्द्रहरु :**

**क) जुम्ला परीक्षा केन्द्र :** कर्णाली स्वास्थ्य बिज्ञान प्रतिष्ठान, जुम्ला ।

**ख) काठमाण्डौं परीक्षा केन्द्र :** कर्णाली स्वास्थ्य बिज्ञान प्रतिष्ठानको संपर्क कायालय महालक्ष्मिस्थान, ललितपुर ।

**ग) परिक्षा मिति : २०७५ साल मंसिर २२ गते शनिबार**।

**ङ) परिक्षा समय : बिहान १०:०० बजे** देखि १२:०० सम्म ।

**८. परीक्षाको किसिम** : वस्तुगत प्रश्न (MCQs)।

थप जानकारीको लागि प्रतिष्ठानको वेवसाईट www.kahs.edu.np मा हेर्नु हुन वा केन्द्रिय कार्यालय, जुम्लाको फोन नं. ०८७-५२०३५५ वा सम्पर्क कार्यालय ललितपुरको फोन नं. ०१-५१७०६२२, बिहान १०:०० देखि ५:०० वजेसम्म सम्पर्क गर्न सकिने छ ।

नोट : प्रोस्पेक्टसमा उल्लेख भए अनुसारका कागजातहरु आवेदन फारामको साथमा पेश गर्नु पर्नेछ ।